परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : ०५ पृष्ठ ४ २०८२ कार्तिक ९ गते, आईतबार 26 October, 2025 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

# तराईबाट हिमालसम्म छठ

अजय साह



आराध्यदेव सूर्य र ब्रह्माको मानसपुत्री छठी (षष्ठी) को उपासना तथा आराधना गरी मनाइने महापर्व छठ शनिबारदेखि सुरु भएको छ। मुख्य गरी चार दिन मनाइने यो पर्व शनिबार 'नहा खा' (नुहाएर खाने) विधि पूरा गरी सुरु भएको हो । शिवपुत्र कात्तिकको अर्धाङ्गिनीका रूपमा समेत छठीको पूजा गरिन्छ। यस वर्ष कात्तिक १० गते सोमबार (षष्ठी) का दिन साँझ अस्ताउँदो सूर्यलाई र मङ्गलबार (सप्तमी) का दिन बिहान उदाउँदो सूर्यलाई अर्घ दिएर यो पर्व सम्पन्न हुँदै छ । सरकारले यस पर्वलाई राष्ट्रिय पर्वको मान्यता दिँदै हरेक वर्ष सार्वजनिक बिदा दिँदै आएको छ।

केही वर्षअघिसम्म तराईका जिल्लामा मात्र सीमित यो पर्व अहिले सङ्घीय राजधानी काठमाडौँलगायत मुलुकका प्रमुख सहरमा राष्ट्रिय पर्वका रूपमा धुमधामसाथ मनाउन थालिएको छ । यो पर्व मुलुकको पहाडी र हिमाली भेगमा समेत त्यति नै लोकप्रिय बन्दै गएको छ । यो पर्वले सामाजिक सद्भाव, एकता तथा धार्मिक सहिष्णुतालाई थप बलियो बनाउनमा मद्दत पुऱ्याएको वरिष्ठ संस्कृतिविद् डा. गोविन्द टन्डन बताउनुहुन्छ।

छठपर्वलाई अहिले सबै नेपालीले राष्ट्रिय महत्व र गौरवको अनुभूति गरिरहेको बताउँदै उहाँले भन्नुभयो, "यस पर्वले तराई र पहाडबिचको सम्बन्ध थप सुमधुर बन्दै गएको छ। यो तराईको मात्र पर्व हो भन्ने सोचमै परिवर्तन आएको छ। राष्ट्रिय पर्वका रूपमै विकसित हुँदै गएको छ। यसले राष्ट्रिय भावना प्रवर्धनका लागि ठुलो योगदान पुऱ्याइरहेको छ।"

पहाडी-मधेशी, धनी-गरिब, महिला-पुरुष सबैले मनाउने यो पर्वले मुलुकको सामाजिक सद्भाव र धार्मिक सहिष्णुतालाई थप बलियो बनाएको उहाँको धारणा छ । चाडपर्वभित्रको विकृति हटाउँदै हरेक संस्कृतिलाई मौलाउन पाउने अवसर राज्यले प्रदान गर्नुपर्ने उहाँले बताउनुभयो।

यस्तो छ छठको विधि

व्रतालु माधवी कायस्थका अनुसार यो पर्वको पहिलो दिनलाई 'नहा खा' (नुहाएर खाने) भनिन्छ। यो दिन व्रतालुले स्नान गरेर ध्यान गरी अरुवा चामलको भात, रहरको दाल र लौकाको तरकारी बनाई ग्रहण गर्ने गर्छन् । छठी पूजाको पहिलो दिन अर्थात् कात्तिक शुक्ल चौथीको दिनदेखि नै विशेष शुद्धाशुद्धि अपनाइन्छ । यस दिनदेखि व्रतालुले खानामा लसुन, प्याज, मसुरोको दाल र कोदोसमेत परित्याग गर्छन् ।

उहाँका अनुसार दोस्रो दिन अर्थात् पञ्चमीका दिनलाई 'खरना' भनिन्छ। यो दिन व्रतालु दिनभरि उपवास बसी बेलुका चन्द्र दर्शन गरिसकेपछि माटोको नयाँ चुल्हो र भाँडामा सखर, दुध र चामलको खीर पकाई केराको पातमा राखेर छठी मातालाई चढाइन्छ र चढाइएको खीरलाई व्रतालु र परिवारका अन्य सदस्यले प्रसादका रूपमा ग्रहण गर्छन् । छठी पूजा नहुने टोलछिमेकका घरमा सो खीर प्रसादका रूपमा पठाइन्छ।

पर्वको तेस्रो दिन अर्थात् षष्ठीलाई यस पर्वको प्रमुख अंशका रूपमा मानिन्छ। यस दिनलाई 'सँझिया घाट' भनिन्छ । यो दिन बिहानैदेखि चामल र पीठोको ठेकुवा कसारलगायत परिकार तेल, घ्युमा पकाइन्छ । तयार पारिएका परिकार, पाँच थरीका मिठाइ, उखु, अदुवा, नरिवल, मुला, सुठनी, सुपारी, ल्वाङ, सुकुमेललगायत प्रसाद बाँसको टोकरी, नाङ्लो र सिपुलीमा राखेर शुद्ध जल र गाईको दुधसहित व्रतालु परिवारका सदस्यसहित नजिकको जलाशयमा जान्छन् र अस्ताउँदो सूर्यलाई अर्घ दिई घर फर्कन्छन् । कतिपय व्रतालु घर नफर्किएर पूजास्थलै रातभरि जाग्राम बस्छन् । त्यहाँ कसैकसैले भाकल गरे अनुसार विभिन्न देवीदेवताको माटोको मूर्ति बनाई विशेष पूजाआजा गर्छन्, जसलाई 'कोसिया' भनिन्छ। भोलिपल्ट कात्तिक सप्तमीका दिन व्रतालुले उदाउँदो सूर्यलाई अर्घ दिएपछि यो महापर्वको महायात्रा यही सम्पन्न हुन्छ।

छठको पौराणिक कथा

यस पर्वको शुभारम्भबारे विभिन्न कथा र किंवदन्ती रहेको बताउनुहुन्छ संस्कृतिविद् डा. रामदयाल राकेश । सत्ययुगमा सरयाती नामका राजाकी सुपुत्री सुकन्याले पहिलो पटक छठीको पूजा गरेको उहाँ बताउनुहुन्छ।

यसै गरी पाण्डवहरूको गुप्तवासको सफलताको कामना गरी द्रौपदीले छठीको पूजा गरेको पनि उहाँले बताउनुभयो । त्यसबेलादेखि नै छठपर्वको सुरुवात भएको धेरैको विश्वास रहेको उहाँको भनाइ छ। सूर्यपुराणमा अत्रिमुनिका अर्धाङ्गिनी सती अनुसुयाले छठीको पूजा गरेको उल्लेख पाइन्छ।

साम्बपुराणका अनुसार, पिता श्रीकृष्णको श्रापबाट कुष्ठरोगले पीडित श्रीकृष्णपुत्र साम्ब सूर्यको पूजा आराधनाबाट रोगमुक्त भएको चर्चा छ। त्यसबेलादेखि नै छठको प्रारम्भ भएको कतिपयको विश्वास छ । त्यस्तै कुष्ठरोगबाटै पीडित कवि मयुर भट्टले सूर्यको उपासना र पूजाबाट पुनः सुन्दर र स्वस्थ शरीर प्राप्त गरेको कथासँग जोडिएर छठको सुरुवात भएको संस्कृतिविद् डा. राकेशको भनाइ छ।






पत्रिकाका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily राष्ट्रिय दैनिक

## सम्पादकीय

### नेपाली मौलिकतामा समाजवादको खोज

नेपाल अहिले सामन्ती युगबाट पुँजीवादी लोकतान्त्रिक युगतर्फको संक्रमणमा छ। यस चरणमा समाजवाद उन्मुख पुँजीवाद निर्माण गर्दै नेपाली मौलिक समाजवादबारे गम्भीर बहस आवश्यक देखिन्छ । विदेशी मोडेलको नक्कल होइन, नेपालको भौगोलिक, सांस्कृतिक र सामाजिक विविधतामा टेकेको समाजवाद आजको आवश्यकता हो ।

समाजवादको अर्थ केवल सत्ता परिवर्तन होइन, उत्पादन, वितरण र अवसरमा समानता सुनिश्चित गर्नु हो । गाउँ, जल, जमिन र जङ्गलको सदुपयोग गर्दै स्थानीय अर्थतन्त्रलाई उत्पादनमुखी बनाउनु समाजवादको पहिलो अभ्यास हुन सक्छ। संघीय संरचनामा प्रदेश र स्थानीय तहलाई स्वायत्त र उत्तरदायी बनाएर आर्थिक समावेशीकरणमा जोड दिनु जरूरी छ ।

संविधानले समाजवादको लक्ष्य तोके पनि व्यवहारमा पुँजीवादी संरचना हावी छ। त्यसैले अबको चुनौती भनेको नारा होइन–व्यवहारमा समाजवादी मूल्य र नीति लागू गर्नु हो। सामूहिक श्रम, सामाजिक न्याय र स्वावलम्बी उत्पादन प्रणालीमार्फत मात्र नेपाली समाजवादको जग बसाल्न सकिन्छ।

नेपालको समाजवादले विविधतालाई अंगिकार गर्दै स्थानीय आत्मनिर्भरता, सामाजिक समानता र पर्यावरणीय सन्तुलनमा टेकेर अघि बढ्नुपर्छ । यही बाटो हाम्रो मौलिक समाजवादको दिशा हो ।

**विषादीयुक्त तरकारी र फलफुल सेवनबाट बच्न जनहितमा जारी सन्देश**

फलफुल तथा तरकारीमा विषादी सजिलै छुट्याउन त गाह्रो हुन्छ । यसको मापन गर्न यन्त्र उपकरणको आवश्यकता पर्छ । तर पनि तरकारी तथा फलफुल किन्दा केही सावधानी अपनाएको खण्डमा विषादीबाट यसरी बच्न सकिन्छ ।

- चिल्लो देखिने तरकारी तथा फलफुललाई बहिष्कार गर्ने ।
- आईलिएको जस्तो या किरा फट्याङ्ग्राले खाएको जस्तो किन्ने ।
- थोट नभएको भन्दा पनि कतै थोट भएको किन्ने ।
- सागपातमा प्वाल परेको जस्तो किन्ने ।
- सकभर मौसम अनुसार फल्ने फलफुल र तरकारीको मात्र सेवन गर्ने ।
- अर्गानिक र ताजा फलफुल र तरकारी किन्ने ।
- विषादी जन्य खाद्यान्नलाई बहिष्कार गर्ने ।
- विषादी युक्त फलफुल र तरकारी भान्सामा नै भित्रिएको अवस्थामा ।
- सामान्य तरीका भनेको राम्ररी धुने, पखाल्ने नै हो । तर धोइपखाली गर्दा समेत विषादी नजान सक्छ, त्यसैले अधिका मात्रामा रहेको विषादी हटाउन नुनपानीको प्रयोग गर्न सकिन्छ ।
- यदि नुनपानि नराख्ने भए सफापानिमा रातभर भिजाउने र बिहान राम्रोसँग पखाल्ने गर्यो भने धेरै हदसम्म बाहिरी भागमा रहेको विषादी जान्छ । उपभोक्ता आफै सचेत भई आफ्नो स्वास्थ्यको विषादीयुक्त फलफुल र तरकारी खानु पर्छ ।

**कृषी ज्ञान केन्द्र महोत्तरी**
**जलेश्वर,महोत्तरी**

# सुरू भयो दिदीभाइको ........................

सवारी साधन थिएन । सडकहरु व्यवस्थित थिएन।

राजाहरु हात्तीमा चढेर जान्थे। थारुहरुको राजपाट यसरी नै चलेको थियो । उनीहरु आफैंले दरबारमा हात्ती पाल्थे र सवारीमा त्यही प्रयोग गर्दथे। हात्ती समात्ने, पाल्ने र चढ्ने परम्परा अहिले पनि चित्तवनमा महतो (जसले हात्ती समात्थ्यो अदौकालमा) थारुहरुले जोगाएर राखेका छन् ।

५. मालिन

दरबारमा मालिनको काम बगैँचाबाट राम्रो-राम्रो फूल लिएर आउने र पूजाको लागि तयारी गरिदिने हुन्छ। समाको लागि त्यतिबेला दरबारमा उनै मालिनले फूल लिएर आउँथिइन्।

६. कुत्ता/कुकुर

कुकर निक्कै इमान्दार र रेखदेख गर्ने उत्तम जनावर भएकाले राजाले छोरी समाको सुरक्षाका लागि कुकुर राखेका थिए। दरबारमा हुँदासम्म कुकुरले समाको सुरक्षा गने गद्र्थयो ।

७. नाह खैबैया

त्यो जमानामा पुलपुलेसा नभएपछि राजादेखि रङ्कसम्म सबै ढुंगामै चढेर वारपार गर्ने गर्दथे। राजाले छोरी ढुंगामै वारपार गर्थिन्।

८. तितिर

जंगलमा समा चरा भएर बस्नु पर्दा उनको मिल्ने साथीको रुपमा थिइन् तितिर। तितिर एक प्रकारको चराको नाम हो। तितिर समाको सबैभन्दा प्यारो थियो।

९. नटुवा

दरबारमा पौराणिक गीत/गोलहैन, धुमरा नाँच त्यतिबेला सुनाउन नटुवा अर्थात नाचगान गने व्यक्ति हुन्थे। उनीहरुलाई नाच देखाउनुपर्ने हुन्थ्यो।

१०. न्याक्दी भलाजी /जोकर, ढोलकिया/भ्फाइल बजिया

दरबारमा हँसाउने व्यक्तिको पनि महत्वपूर्ण भूमिका हुन्थ्यो त्यतिबेला। त्यही भएर जोकरले दरबारमा हास्य व्यंग्यको काम गर्ने गर्दथे। जोकरले समालाई दरबारमा हुँदा हँसाउने र हँसाउने काम गर्दथ्यो।

१२. भमरा रञ्जित

भमराको काम दरबारमा चारैतिर घुमेर रेखदेख गर्ने हुन्छ।

कोसेली दिएर समाचकेवाको बिदाइ

दिदी-बहिनीहरुले पूर्णिमाको भोलिपल्ट समाचकेवालाई दही चिउरा खुवाएर नजिकको दह, पोखरी वा नदीमा सेलाउने गर्दछन्। त्यसअघि उनीहरुले केराको पातमा चोखो दही चिउरा, मिष्ठान्न परिकार दिएर बाँस वा जुटबाट बनेको एक प्रकारको हलुँगो वस्तु (सन्ठी)को मन्दिरमा राखेर बिदाइ गरिन्छ।

सखी/बैहैनपा लगाउने परम्परा

दिदी-बहिनीहरुले सख/बैहनपा (मितिनी) लगाउने र दाजुभाइले भाइजी/बगैरिया अर्थात् मित लगाउने चलन रहेको छ। उनीहरुले सखी/बैहैनपाको र मितको जोडी पनि समाचकेवाको जस्तै युगगुगान्तर चलोस् भनेर मित-मितिनी लगाउने गर्छन्। थारु समुदायमा सद्भाव र सहिष्णुताको भाव कायम राख्न यो परम्पराको शुरुवात गरिएको हो।





















# सुरू भयो दिदीभाइको पर्व समाचकेवा

टक नेपाल



दाजुभाइ तथा दिदीबहिनीको प्रेमको प्रतीक मानिएको समाचकेवा पर्व सुरु भएको छ। समाचकेवा पर्व भाइटीकाको दिनदेखि पूर्वी तराईमा बसोबास गने आदिवासी थारू समुदायको घर, टोलछिमेक र गाउँगाउँमा सुरू भएको छ।

१५ दिनसम्म खेलिने समाचकेवा कात्तिक पूर्णिमाको दिन विधिपूर्वक पूजापाठ गरी बिसर्जन गरी यो पर्वको समापन हुने थारू संस्कृतिविद् भुलाइ चौधरीले बताए।

उनले भने, ‘ समाचकेवा थारूको इतिहास, सभ्यता र पहिचान बोकेको गाथा हो। यसले थारू समाजको यथार्थ चित्रण, दिदीभाइप्रतिको प्रेम दर्साउँछ। समाचकेवा किसनभूषण सेनको यथार्थ कथा हो।जसले त्यतिबेला दरवारमा छोरीलाई वनबास दिँदाको पीडा र भाइको वियोगान्त कथा संग्रहीत छ।‘

उनका अनुसार समाचकेवा सामाजिक चरित्र भएका विभिन्न पात्रहरूको सामाजिक, आर्थिक, सांस्कृतिक तथा मानसिक प्रवृतिको उजागर गर्छ। जितियामा माइती आएका दिदीबहिनीहरू दाजुभाइलाई प्रत्येक दिन साँझमा गीतिकाव्यमार्फत आशिर्वाद, दीर्घायूको कामना गर्दै समा खेलेर एक महिनापछि बल्ल आफ्नो घर फर्किने उनको भनाइ छ।

समा कृष्णको छोरी हो भन्ने प्रश्नमा उनी प्रतिवाद गर्दै भन्छन्, ‘समा कृष्णको छोरी होइनन्। यी सब काल्पनिक र कपोकल्पित कुरा हो। यो गर्भा राजा र किसनभूषण सेनक यथार्थ घटना हो। यो थारूको इतिहास हो। तराईमा कुनैबेला थारू जमिनका मालिक थिए, राजा थिए। सम्पन्न राजाले कुरौटेको जालझेलमा रेर छोरीलाई दिको ववासको गाथा र दिदीभाइको प्रेमको दर्दनाक कथा छ, जुन अहिले पनि समाजमा छोरी-चेलीमाथि कुरा काट्नेरूको कमी छैन। दिदीभाइको प्रेम देख्न नसक्नेहरू चुगली लगाउनेहरू धेरै छन्।‘

उनका अनुसार समाचकेवाको इतिहास थारूको रगतसँगको सम्बन्ध छ। यो इतिहासमा थारू राजाहरूको कहानी समेटिएको छ। ‘सामा राजाकी छोरी थिइन्। बुवाको आदेशलाई पालना गर्न घरबाट वनबास जानु पऱ्यो। भाइले फकाउँदा पनि नमानेर वनवास बसिन्, उनी भन्छन्, ‘ दिदीभाइको वियोगान्तको गीतिकाव्यमा समेटिको सामा चकेवाको आफ्न मौलिक परम्परा गीत र संगीत छ। त्यसकारण यसको महत्व थारू समाजमा धेरै छ।’

तराईमा बसाइसराइसँगै थारू समाजसँग अन्य जातिहरू पछि आएसँगै उनीहरूले पनि थारू संस्कृति अंगाल्दै गएको र समाचकेवा पर्व उनीहरूले पनि स्वीकार गरेको उनी ठोकुवा गर्छन्। भन्छन्, ‘ तराईमा पहिला थारू समाजको मात्रै बसोबास थियो। उसको आफ्नै सभ्यता, संस्कृति र समाज थियो। समाचकेवा थारूको प्राचीनकालीन सभ्यता र संस्कृति हो। पछि तराइमा थारूसँग मिलेर जुन जुन समुदाय बस्न आए। उनीहरूले थारू संस्कृति अंगाले। त्यसको उदाहरण चौठीचान, जितिया र समाचकेवा हो।’

के हो समाचकेवाको इतिहास ?

थारू संस्कृतिविद् भुलाई चौधरीका अनुसार करिब दुई हजार वर्ष पहिले गरभ देशमा गरभा नामक राजा थिए। उनकी रानीको नाम आदम्बत्ती थियो। सातौं शताब्दीताका राजा सालिक बाहन थिए। उनको दरबार कुराले भरिपूर्ण थियो।

नाचगानदेखि रेखदेख गर्ने रखबारीसम्म। उनका सात भाइ छोरा साम र बहिनी समा थिइन्। समाको विवाह त्यतिबेलाका सेन वंशीय राजा चक्रवातसँग भएको थियो। समाको सानैमा विवाह भएकाले उनी माइती अर्थात् बुवाकै दरबारमा बस्थिन्। दरबारमा विभिन्न मानिस आउजाउ गर्ने गर्दथे। एक दिन समालाई देखेर डाहा गर्ने चुगला (कुरौटे)ले राजालाई कुरा लगाइदिए।

दरबारमा छोरीको कुरा राजासमक्ष पुगिसकेपछि राजाले छोरीलाई दरबारबाट निकालिदिए। समा बाध्य भएर वनबासमा जानुपऱ्यो। जब समाका सात भाइले बहिनीलाई घरबाट निकालेर वनबास पठाएको थाहा पाए, उनीहरु सातै भाइ बहिनी समालाई लिन जंगल गए। जंगल पुग्दा बहिनी समा चराको रुपमा थिइन्।

बहिनी चरा भएको देखेर भाइहरुले वियोगान्त स्वरुप बहिनीको माया नपाएपनि अर्को जन्ममा समा-चकेवाको रुपमा जन्मिन पाउँ भन्दै फर्किए। त्यही दिनदेखि भाइ-बहिनीको प्रतीकको रुपमा समाजमा समा-चकेवा मनाउन थालिएको जनविश्वास छ।

यता, समाजले राजालाई छोरीलाई निकालेर ठीक नगरेको भन्दै गरभा राजालाई गीतमार्फत गुनासो र चुगला (कुरौटे)लाई गाली गर्न थालेको मान्यता छ।

समाचकेवाको इतिहासबारे उनी गरभा राजा-रानी, दिदी-भाइको लोक गीतिकाव्य यसरी सुनाउँछन् :

केहेन गौरव हे गरभा रजा (राजा)

सगरे भेलौ उपहास

चुगलाके चुगलीमे

पैरके बेटीके देलह वनबास

पर वचन विमोचन हे रजा (राजा)

तोरे भेलौ उपास

माइ-बाप टुटल छुटल बेटीके लैहराके छुटल आश !

अर्थात्

कस्तो गौरव थियो तिम्रो है गरभा राजा

सबै ठाउँ भयो तिम्रो उपहास

कुरौटेको कुरामा परेर

छोरीलाई दियौ वनबास

अरुको बोली सुन्यौ है राजा

तिमीलाई नै भयो उपास

समाको आमा-बुवा छुट्यो

छोरीलाई माइतीसँग टुट्यो आश

समा-चकेवामा पात्र को-को हुन्छन् ?

१. समाचकेवा

राजा गरभाकी छोरी समाचकेवा, जसलाई बुवाको रिसको कारण वनबास जानु परेको थियो। उनी जंगलमा चरा बनेर बसेकी थिइन्। पछि आफ्ना सातै जना भाइले उनलाई जंगलबाट ल्याउने पहल गरेपनि आउन भने सकिनन्। त्यसैको प्रतीकको रुपमा समालाई लौकिक देवताको रुपमा थारु समाजमा पुज्ने गरिन्छ।

२. बिरदाबोनी

यो जंगल हो। जहाँ समासचेवा चराको रुपमा यही बस्ने गर्दथिन्। उनलाई वनमा धेरै दुःखकष्ट झेल्नु परेको थियो।

३. चुगला

राजा गरभाको दरबारमा काम गर्ने र कुरा लगाउने व्यक्ति हुन् चुगला। उनको काम नै समाको बारेमा नराम्रो सन्देश राजाकहाँ पुऱ्याउने हुन्छ।

उनकै कारण समा वनबास जानुपर्ने अवस्था आउँछ। त्यही कारण चुगलालाई समाजमा कुरौटे भनेर राखिन्छ। उनलाई कमजोर पात्रका रुपमा देखाइन्छ। त्यहीकारण प्रत्येक साँझ समाज बिगार्ने कुरौटे ‘चुगला’को विरोध स्वरुप दिदीबहिनीहरुले जुँगा डढाउने गर्दछन् पूर्णिमा नआउन्जेलसम्म।

४. मौहौतिया/हात्ती

अदौकालमा तराईमा घनघोर जंगल थियो। त्यतिबेला जंगलमा विभिन्न प्रकारका जनावरहरु बस्दथे। तर राजाहरुले दरबारमा हात्ती पाल्ने गर्दथे। समाको रेखदेखको लागि थारु राजाले हात्ती राखेका थिए। कतै सवारी जानुपर्दा

बाकी पष्ठ २......
















### छठपछि हुने आन्दोलनसँग

# जेनजीको सम्बन्ध छैन : पुरुषोत्तम यादव

● टक नेपाल



जेनजी आन्दोलनका अगुवा पुरुषोत्तम यादवले छठ पर्वपछि हुने भनिएको आन्दोलनसँग जेनजी आन्दोलनको कुनै पनि सम्बन्ध नरहेको स्पष्ट पारेका छन् ।

शनिबार सार्वजनिक विज्ञप्तिमार्फत उनले जेनजी आन्दोलनले त्यस आन्दोलनमा कुनै औपचारिक, राजनीतिक वा वैचारिक समर्थन नगरेको बताएका हुन् ।

यादवले जारी गरेको विज्ञप्तिमा भनिएको छ, ' हामी स्पष्ट रूपमा भन्न चाहन्छौं - जेनजी आन्दोलन छठपछि हुन लागेको आन्दोलनसँग कुनै पनि औपचारिक, राजनीतिक वा वैचारिक सम्बन्ध राख्दैन र त्यस आन्दोलनमा समर्थन प्रदान गरेको छैन ।'

उनका अनुसार जेनजी आन्दोलनको लक्ष्य सुशासन, पारदर्शिता र भ्रष्टाचार विरुद्धको अभियानमा केन्द्रित रहेको छ । उनले स्मरण गराए कि यही जनदबाब र राजनीतिक सचेतनाको परिणामस्वरूप पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीको सरकार परिवर्तन भई सुशीला कार्कीको नेतृत्वमा नयाँ सरकार बनेको थियो, जसले न्याय, जवाफदेहिता र परिवर्तनको प्रतीकको रूपमा काम गरिरहेको छ ।

यादवले जेनजी आन्दोलन अब नयाँ राजनीतिक शक्ति निर्माणतर्फ अघि बढिरहेको उल्लेख गर्दै भने, 'हाम्रो केन्द्रमा युवाको नेतृत्व, संस्थागत सुधार र उत्तरदायित्वपूर्ण शासन प्रणालीको निर्माण रहेको छ ।'

विज्ञप्तिमा उनले सबै युवाहरू, नागरिक र राजनीतिक शक्तिहरूलाई देशलाई अस्थिरता र अराजकतामा धकेल्ने गतिविधिबाट टाढा रहन र शान्तिपूर्ण, रचनात्मक तथा लोकतान्त्रिक माध्यमबाट परिवर्तनको अभियानलाई अघि बढाउन आह्वान गरेका छन् ।

उनले थपे, 'देशलाई अघि बढाउने बाटो संवाद, संयम र सहकार्यबाटै हो । फागुन २१ गतेसम्म निष्पक्ष, स्वतन्त्र र समयमै निर्वाचन सम्पन्न गर्न सबै पक्षबीच एकता र जिम्मेवारीपूर्ण व्यवहार जरुरी छ ।'

यादवले अन्त्यमा जेनजी आन्दोलन परिवर्तन र उत्तरदायित्वको पक्षमा रहेको दोहोर्‍याउँदै भने, ' हामी अराजकता र विभाजनको विरोधमा छौं ।'

### छठ पर्वको दोस्रो दिन आज खरना मनाइँदै,

# ब्रतालुहरू साँझ खीर प्रसाद ग्रहण गर्नेछन्

● टक नेपाल



आदिदेव सूर्यको उपासना गरेर मनाइने महापर्व छठको दोस्रो दिन आज खरना मनाइँदै छ। आज दिनभर निराहार बसेका ब्रतालुहरूले साँझ चामल, दूध र सक्खर मिसाइ पकाइने खीर (रसियन)लाई प्रसादका रूपमा ग्रहण गर्दै खरना सम्पन्न गर्छन्। उक्त प्रसाद घरका सबै सदस्यले साझा रूपमा ग्रहण गर्ने तथा पर्व नभएका छिमेकी घरहरूमा पनि वितरण गर्ने परम्परा छ।

चार दिनसम्म मनाइने यो पर्व सन्तान तथा पारिवारिक सुख-समृद्धिको कामनासहित हिजो शनिबार 'नहाय-खाय' विधिद्वारा सुरु भएको थियो। सो दिन ब्रतालुहरूले स्नान गरी शुद्ध भोजन ग्रहण गर्दै आगामी कठोर उपवासको तयारी गरेका थिए।

भोलि सोमबार छठको तेस्रो तथा मुख्य दिन साँझ सूर्यास्तको समयमा नदीनाला, तलाउ वा पोखरी किनारमा गई अस्ताउँदो सूर्यलाई अर्घ्य अर्पण गरिनेछ। मंगलबार बिहान उदाउँदो सूर्यलाई पुनः अर्घ्य दिएपछि छठ पर्व विधिवत् रूपमा सम्पन्न हुनेछ।

छठमा बाँसका ढाकी, डगरी, माटोका कोसिया-कुरबार, हाँडीलगायत सामग्री प्रयोग गरिन्छ। प्रसादमा ठकुवा, भुसुवा, केरा, उखु, हल्दी, अदुवा, विभिन्न मिठाई तथा फलफूल चढाउने चलन रहेको छ।

अर्घ्य दिने ब्रतालुहरूले ४८ घण्टासम्म जलसमेत नखाई कठोर उपवास बस्ने परम्परा छ। सबै परिकार र पूजाका सामग्री पूर्ण शुद्धता तथा नियम-निष्ठाका साथ तयार गर्नुपर्ने भएकाले छठलाई अत्यन्त पवित्र र कठोर पर्वका रूपमा मानिन्छ।

# गौशालामा पुरुषको शव फेला

● बिजय साह

महोत्तरीको गौशालामा एक पुरुषको शव फेला परेको छ। इलाका प्रहरी कार्यालय गौशालाको अनुसार गौशाला नगरपालिका-५, माछा बजार क्षेत्रमा एक पुरुषको शव फेला परेको हो ।

स्थानीयले शनिबार बिहान शव देखेपछि प्रहरीलाई खबर गरेका थिए । खबर पाउना प्रहरी टोली घटनास्थल पुगेर आवश्यक मुचुल्का उठाइ शव परीक्षणका लागि प्रादेशिक अस्पताल जलेश्वर पठाएको इप्रकाइन्चार्ज इन्स्पेक्टर रमेश लामाले बताउनुभयो । उहाँले फेला परेको शव सर्लाहीको हरिपुर्वा नगरपालिका-९, मिर्चिया बस्ने २५ वर्षीय रामानन्द बैठाको रहेको जानकारी दिनुभयो ।

स्थानीयका अनुसार, मृतक बैठा करिब ३-४ वर्षदेखि गौशालास्थित विभिन्न होटलहरूमा काम गर्दै जीविकोपार्जन गर्दै आएका थिए । केही समयदेखि उनी ज्वरो आएर स्वास्थ्य समस्याबाट पीडित रहेको थियो ।

अत्यधिक मादक पदार्थ सेवनका कारण मृत्यु भएको हुन सक्ने आशङ्का प्रहरीले गरे पनि शव परीक्षण पश्चात मात्र केही ठोस कारण भन्न सकिने प्रनि लामाले बताउनुभयो ।घटनाबारे थप अनुसन्धान अघि बढाएको ईलाका प्रहरी कार्यालय गौशालाले जनाएको छ ।




अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल

- २४ सं घण्टा इमजेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न िगहरुको विशेषज्ञ डाक्टहरुद्धा उत्कष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०




बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशक: तुलसामाया कार्की, अध्यक्ष निर्देशक: ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014